नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं, नेपाल

पत्र संख्या :- (अनुमतिपत्र) ०८२/८३
चलानी नं.:- ४४५

मितिः २०८२/०७/०२

**विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र सम्बन्धमा ।**

श्री बेष्ट हाईड्रोपावर कम्पनि प्रा. लि.,
का. म. पा. — ३२, काठमाडौं
फोन नं.: ९८४१७१५५७८

उपरोक्त सम्बन्धमा तहाँ कम्पनिले भाबिल-० जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र पाउन दरखास्त दिनुभएकोमा तपसिलमा उल्लेखित विवरण/कागजातहरू पेश हुन बाँकी देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम निम्न विवरणहरू पैतिस (३५) दिनको समयावधि भित्र पेश गर्नुहुन मिति २०८२/०६/२७ को विभागीय निर्णयानुसार अनुरोध छ।

१. प्रवर्द्धक कम्पनीको प्रबन्धपत्र, नियमावली र शेयर किताबको नोटराइज प्रतिलिपि,
२. संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं.,
३. परामर्शदाता कम्पनीको कम्पनि दर्ता, प्यान दर्ता, आ. व. २०८०/८१ को करचुक्ता, प्रबन्धपत्र र नियमावली को नोटराईज प्रतिलिपि,
४. परामर्शदाता कम्पनि संगको सम्झौता (प्रत्येक पानामा प्रबर्द्धक कम्पनि र परामर्शदाताको आधिकारिक व्यक्तिको सहिछाप भएको),
५. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका, २०७५ (चौथो संशोधन समेत) को दफा ८ को उपदफा (क) बमोजिमको खुद सम्पत्ति (नेट वर्थ) खुल्ने गरी विभागबाट तोकिएको ढांचाको UDIN No समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू,
६. नेट वर्थ तयार गर्ने सि.ए संस्थाको संस्था दर्ता, स्थायी लेखा नम्बर दर्ता, आ. व. २०८०/८१ को कर चुक्ता र नवीकरण गरिएको निस्साको नोटराइज प्रतिलिपि ।

(शंकर बहादुर साउद)
इन्जिनियर

बोधार्थ :
१. श्रीमान् महानिर्देशकज्यू, विद्युत विकास विभाग।